## बैठक संख्या : ८१

आज मिति २०८३ श्रावण १८ आइतवार विहान ११:०० बजे यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्यूको अध्यक्षतामा माडी नगरपालिका नगर कार्यपालिकाको बैठक कक्षमा तपसिलको उपस्थितीमा बसी देहायका प्रस्तावहरुमा छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तारा कुमारी काजी महतो | नगर प्रमुख | |
| २ | खेम प्रसाद महतो | नगर उप-प्रमुख | |
| ३ | अमित कुमार लामा | वडाध्यक्ष वडा नं. १ | |
| ४ | डण्डपाणी पौडेल | वडाध्यक्ष वडा नं. २ | |
| ५ | पुरन महतो | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | माधव प्रसाद चापागाई | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | गणेश प्रसाद विश्वकर्मा | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | दीपेन्द्र राज पौडेल | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | चन्द्र कुमारी बानियाँ | वडाध्यक्ष वडा नं. ७ | चन्द्र बानिया |
| १० | वीरेन्द्र बहादुर भण्डारी | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | घनश्याम दवाडी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | रिचा सुनार | कार्यपालिका सदस्य | |
| १३ | सविता महतो | कार्यपालिका सदस्य | |
| १४ | लक्ष्मी देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १५ | सीता सुवेदी | कार्यपालिका सदस्य | |
| १६ | विना थापा | कार्यपालिका सदस्य | |
| १७ | सन्तोष प्रसाद बोट | कार्यपालिका सदस्य | |
| १८ | कमल बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १९ | जगत प्रसाद भुसाल | प्रमुख प्रशासकीय अधिकृत | |

## ८१ औं कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १

मिति २०८३ श्रावण १४ गतेको कार्यपालिका बैठकवाट गठित समितिका संयोजक दिपेन्द्र राज पौडेल, सदस्य पुरन महतो तथा सदस्य सीता सुबेदीले कार्यव्यस्तताका कारण समितिमा रहेर कार्य गर्न असमर्थ भएको भनि निवेदन दिनु भएकाले प्राप्त भएको निवेदन स्वीकृत गर्ने ।

निर्णय नं. २

माडी नगरपालिका वडा नं. ९ स्थित जनजागृति आधारभूत विद्यालय भालुखोलाको शिक्षक नियुक्तिको परीक्षा सञ्चालनको क्रममा उत्पन्न विवाद समाधानका लागि मिति २०८३ श्रावण १४ गतेको कार्यपालिका बैठकवाट गठित समितिका निर्णय नं.१ बमोजिमका संयोजक तथा सदस्यहरुको प्राप्त निवेदन स्विकृत भएकाले नगर शिक्षा समितिको सिफारिस बमोजिम तपसिल बमोजिमको कार्यशर्तमा रही ५ दिन भित्र प्रतिवेदन पेश गर्ने गरी छानविन समितलाइ देहाय अनुसारको पुर्नगठन गर्ने।

**देहाय (छानविन समिति)**

१. खेम प्रसाद महतो (नगर उपप्रमुख) - संयोजक
२. डण्डपाणी पौडेल( वडा अध्यक्ष, २ नम्बर वडा कार्यालय ) - सदस्य
३. चन्द्रमणी महतो ( नगर शिक्षा समिति सदस्य ) - सदस्य
४. रामचन्द्र महतो-रत्ननगर-५ ( प्रमुखले तोकेको विषय विज्ञ) - सदस्य
५. जिल्ला शिक्षा समन्वय इकाई चितवनको अधिकृतस्तरको प्रतिनिधि - सदस्य सचिव

यस सिमितिले आवश्यकता अनुसार अन्य जनप्रतिनिधि तथा विषयविज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

**तपसिल (कार्यशर्त)**

१. परीक्षा सञ्चालनको क्रममा भएको वास्तविकताको वस्तुनिष्ठ अध्ययन गर्ने।
२. परीक्षाको क्रममा भएको त्रुटी कमजोरीलाई सच्याई सहजरुपमा नतिजा प्रकाशनको व्यवस्था मिलाउन प्रक्रियागत सिफारिस पेश गर्ने ।
३. नगर प्रमुखसँग समन्वय गरी सम्बन्धित पक्षहरुसँग छलफल गरी वर्तमान समस्याको समाधान गर्ने ।

तारा कुमारी काजी महतो
नगर प्रमुख